बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय रसुवा

धुन्चे, रसुवा, नेपाल


पत्र संख्याः २०८२/०८३

चलानी नम्बरः

**विषयः- चिरान काठ डाँक बढाबढद्वारा लिलाम बिक्रीको सूचना ।।।**

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०१/२२)

यस कार्यालय अन्तर्गत थाम्वुचेत सव-डिभिजन वन कार्यालय, थाम्वुचेतको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको बेवारिसे अवस्थाको निम्न जात, थान र परिमांणको चिरान काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक वढावढद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो १५ (पन्द्र) दिने सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत इच्छुक उद्योगहरुलाई डाक वढावढमा भाग लिन आमन्त्रण गरिन्छ।

<u>तपसिल</u>

१) वन पैदावारको विवरणः

| क्र. सं. | वन पैदावारको | | | | | | न्युनतम मूल्याङ्कित रकम रु. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लट नं. | जात | किसिम | थान | परिमाण क्यु.फि. | गोलियामा परिणत गर्दा हुन आउने परिमाण | प्रति इकाई दर रू. | जम्मा न्यूनतम मूल्य रु. | उत्पादन लागत खर्च | |
| १ | १ | गोब्रे सल्ला | चिरान | १९ | ७४.९२ क्यु.फि. | १०४.८९ क्यु.फि. | २००।- | २०,९७७/६० | - | |

२) डाक वढावढमा काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगहरुले मात्र भाग लिन पाउने छन्।

३) डाक लिलाम वढावढ हुने स्थान, मिति र समयः

क)स्थानः- डिभिजन वन कार्यालय, रसुवा धुन्चे ख) मितिः- २०८३/०२/०५ गते ग) समयः विहान ११ बजे

४) डाक वढावढ न्यूनतम मूल्यवाट सुरु गरिनेछ।

५) लिलाम सकार गर्न डाक बोल्ने सबैले डाक वोल्नु पूर्व न्यूनतम मूल्य रु.२०,९७७/६० को १० प्रतिशतले हुने नगद धरौटी राख्नुपर्नेछ। डाक अङ्क वढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानुपर्नेछ।

६) लिलाम स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहने छ।

७) लिलाम वढावढ हुने वन पैदावार घाटगद्दीमा कार्यालय खुलेको समयमा हेर्न सकिने छ।

८) लिलाम स्वीकृत भएको जानकारी पाएको मितिले ४५ (पैंतालिस) दिन भित्र सकारको साथै अन्य बुझाउनु पर्ने सबै रकम वुझाई काठ उठाई लैजानु पर्नेछ।

९) अन्य आवश्यक कुराहरु कार्यालयले मुनासिव तोके बमोजिम हुनेछ।

१०) यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

शम्भु तामाङ
डिभिजनल वन अधिकृत


☎ ०१०-५४०१०७

इमेलः rasdfo2076@gmail.com ; asdfo.mofe@bagamati.gov.np ; वेवसाइटः https://www.dforasuwa.gov.np/



CS Scanned with CamScanner